फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

प.सं. : २०७७।०७८
च.नं. : ११३२

मिति: २०७७।०९।१२

**विषय :** नयाँ विद्यालय सञ्चालन / कक्षा थप / विद्यालय स्थानान्तरण/ गर्ने सम्वन्धी सूचना

श्री जो जससंग सम्वन्धित छ।

प्रस्तुत विषयमा, यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरूले हाल सञ्चालित कक्षामा आगामी शैक्षिक सत्र २०७८ देखि कक्षा थप गरी सञ्चालन गर्न चाहेमा वा कुनै नेपाली नागरिकले आगामी शैक्षिक सत्र २०७८ देखि नयाँ प्रारम्भिक बालविकास केन्द्र, विद्यालय सञ्चालन गर्न अनुमति माग गर्न चाहेमा यसै सूचना साथ संलग्न दरखास्त फाराम भरी तोकिएका कागजातहरू सहित मिति २०७७ साल पौष मसान्तसम्ममा अनुमतिका लागि निवेदन पेस गर्न सम्वन्धित सबैको जनाकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै यस नगरपालिका भित्र एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्न चाहने वा अन्यत्र स्थानान्तरण भइ जान चाहने विद्यालयले मिति २०७७ साल पौष मसान्तसम्ममा निवेदन पेस गर्न नगर शिक्षा ऐन २०७५ अनुसार सूचित गरिन्छ।

पुनश्चः काठमाण्डौ जिल्लाका अन्य पालिकाबाट यस नगरपालिकामा स्थानान्तरण हुन चाहने विद्यालयले हाल सञ्चालनमा रहेको व्यहोरा खुल्ने IEMIS मा अध्यावधिक भएको विवरण, सम्वन्धित पालिकाबाट स्थानान्तरण भै जान दिएको सहमति पत्रका साथै कम्पनीमा दर्ता रहेको विद्यालयले यस बर्षको कम्पनी अद्यावधिक गरिएको पत्रका साथै रित पूर्वक स्थानान्तरण गर्न चाहेको वडाको सहमति सहित २ बटा छिमेकी विद्यालयको सहमति पत्रसमेत संलग्न गरी प्रचलित कानूनले तोके बमोजिमका कागजातहरू समेत संलग्न राखी विद्यालय स्थानान्तरण अनुमतिका लागि मिति २०७७ साल पौष मसान्तसम्ममा नगर शिक्षा तथा खेलकुद शाखामा निवेदन पेस गर्न सूचित गरिन्छ।

(गोबिन्दप्रसाद शर्मा)
उपसचिव (दशौं तह)

**बोधार्थः**
श्री सबै वडा अध्यक्षज्यूहरू, वडा नं.१ देखि ९, कागेश्वरी मनोहरा न.पा.
काठमाण्डौ।

# विद्यालय खोल्ने अनुमतिको लागि दिइने निवेदन

श्रीमान् नगर प्रमुखज्यू,
कागेश्वरी मनोहरा नगरपालिका
डाँछी काठमाण्डौ ।

**विषय : नयाँ विद्यालय खोल्ने / कक्षा थप गर्ने अनुमति सम्बन्धमा।**

महोदय,

शैक्षिकसत्र २०७८ देखि प्रारम्भिक बालविकास केन्द्र/........................ तहको ................ कक्षा थप गर्ने/ विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं।

**(क) विद्यालयको / प्रस्तावित विद्यालयको :**

१. नाम:

२. ठेगाना: कागेश्वरी मनोहरा नगरपालिका .......... वडानं. ...................................... गाउँ/टोल फोन नं.: ................

३. किसिम:

(अ) सामुदायिक

(आ) संस्थागतः (१) सार्वजनिक शैक्षिक गुठी (२) निजी शैक्षिक गुठी (३) कम्पनी

४. हाल सञ्चालित तह र कक्षा

५. अनुमति लिन चाहेको तह र कक्षा:

६. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षा:

**(ख) प्रस्तावित विद्यालयको लागि पूरा गरिएको भौतिक पूर्वाधार :**

१. भवनको उपलब्धता:

(अ) सङ्ख्या: (आ) कच्ची/पक्की/अर्धपक्की

(इ) आफनै (ई) बहालमा (उ) सार्वजनिक

२. प्रकोप व्यवस्थापन तथा स्वास्थ्य सुरक्षाको उपयुक्तता

(अ) उत्तम (आ) मध्यम

(इ) सामान्य (ई) अप्रयाप्तता

३. कोठाको विवरण:

| कोठाको सङ्ख्या | लम्बाई | चौडाई | उचाइँ | झ्याल ढोकाको अवस्था | प्रकाश र बत्तीको अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**४. फर्निचरको सङ्ख्या:**

(अ) डेस्क...............(आ) बेञ्च............ (इ) टेबल................ (ई) दराज..........(उ) मेच...........

(ऊ) अन्य.............

**५. जग्गा तथा खेलकुद मैदानको अवस्था: (रोपनी वा विगाहामा)**

(अ) विद्यालयको आफ्नै (आ) भाडामा भए सम्झौता अवधिः

**६. शौचालयको सङ्ख्या र अवस्थाः** (अ) छात्रले प्रयोग गर्ने..................(आ) छात्राले प्रयोग गर्ने ...............

**७. खानेपानीको अवस्था:** (अ) ................ (आ) ................ (इ) ................

**८. पुस्तकालयको व्यवस्थाः छ छैन छ भने,**

(अ) पुस्तकहरुको सङ्ख्याः ........... कोठा सहितको छुट्टै पुस्तकालय भएको / नभएको

(आ) पाठ्यक्रमको उपलब्धताः ........... पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको अवस्थाः ..................

९. प्रयोगशालाः

विज्ञान प्रयोगशाला: उपलव्ध सामग्रीको विवरण:

(अ) ............... (आ) .............. (इ)................... (ई) ........... (उ)........

कम्प्युटर प्रयोगशाला: छ छैन छ भने के कस्ता कति सामग्री छन्

(अ) संख्या:.............. (आ) इन्टरनेटको अवस्था:.................

१०. सवारी साधनको विवरण:-

११. शैक्षिक सामाग्रीको विवरण:-

**(ग) विद्यार्थी सङ्ख्या: (प्रस्तावित)**

| कक्षा | ECD | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | | | | | | | | | | | | |

**घ) शिक्षकसङ्ख्या:** (प्रस्तावित) पूर्व प्राथमिक................ प्राथमिक................निम्न माध्यमिक ................मा.......

**(ङ) आर्थिक विवरण:** (प्रस्तावित)

१. अचल सम्पत्ति: २. चल सम्पत्ति:

३. वार्षिक आम्दानी: ४. आम्दानीको स्रोत:

**माथि लेखिएका विवरणहरू ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।**

निवेदकको-

सही:

नाम:

मिति: २०७७।०९। ठेगाना:

संलग्न गर्नु पर्ने कागजातहरू :

१) शैक्षिक गुठीको विधानको प्रतिलिपि कम्पनीको प्रवन्धपत्र/विनियम/ नियमावली (प्रमाणित निस्सा सहित) कम्पनी भए कम्पनी अद्यावधिक गरिएको पत्र।

२) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र।

३) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा (नजिकका दुई विद्यालय देखिने गरी)।

४) सम्बन्धित वडा शिक्षा समितिको सिफारिस र सिफारिस दस्तुर तिरेको नगदी रसिद।

५) अघिल्लो कक्षाको अनुमति पत्र र चालु आर्थिक बर्षको नविकरण दस्तुर बुझाएको राजश्व शाखाले दिएको रसिद ।

६) शिक्षकहरूको नियूक्ति पत्र, शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, अध्यापन अनुमति पत्र, नागरिकताको प्रतिलिपी

७) आर्थिक बर्ष २०७६।०७७ को कर चुक्ता गरेको प्रमाण ।

८) अघिल्लो वर्षको शुल्क विवरण।

९) विद्यालयमा पठन पाठन हुने पा.वि.के.बाट स्वीकृत पाठ्यपुस्तकको विवरण।

१०) विद्यालय व्यवस्थापन समिति / संचालक समितिको निर्णय प्रतिलिपि ।

११) नजिकका दुई विद्यालयको सहमति।

१२) संस्थागत विद्यालयको हकमा संस्थापक र संचालकहरूको नाम नामेसी विवरण ।

| क सं | नाम थर | पद | नागरिकता नं | नागरिकता जारी जिल्ला र मिति | संपर्क नं |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

## विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरू

(क) कक्षाकोठाहरू सामान्यतया नौ फिट उचाइँको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,

(ख) कक्षागत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रतिविद्यार्थी ०.७५ वर्गमीटर तथा निम्न माध्यमिक र माध्यमिक विद्यालयको हकमा १.०० वर्गमीटर भन्दा कम हुन नहुने,

(ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने,

(घ) कक्षा कोठामा विद्यार्थी सङ्ख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने,

(ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नु पर्ने,

(च) प्रारम्भिक वालशिक्षा केन्द्र बाहेक अन्य विद्यालयमा छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनु पर्ने र प्रत्येकथप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट थप हुनु पर्ने,

(छ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनु पर्ने,

(ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरू जस्तै कालोपाटी, नक्सा, ग्लोब, गणतीय सामग्री आदि हुनु पर्ने,

(झ) सम्पूर्ण विद्यार्थीहरू एकै साथ उभिन सक्ने कम्पाउण्ड हुनु पर्ने,

(ञ) प्रारम्भिक वालशिक्षा केन्द्र माघ र बाहिरका क्रियाकलापहरू सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनु पर्ने,

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने,

(ठ) सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया ५० जना र संस्थागत विद्यालयमा सामान्यता प्रतिकक्षा न्यूनतम बाईस, अधिकतम् चौवालीस र औसत ३३ विद्यार्थी हुनु पर्नेछ।

(ड) सामुदायिक विद्यालयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनु पर्नेः-

| | |
|---|---|
| माध्यमिक तहका ०-१० कक्षाका लागि | - १४जना |
| माध्यमिक तहका ०-१२ कक्षाका लागि | - १६जना |
| आधारभूत तहको ०-८ कक्षाका लागि | - ९जना |
| आधारभूत तहको ०-५ कक्षाको लागि | - ४जना |
| प्रारम्भिक बाल बिकास केन्द्को लागि | - २जना |

तर संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १:१.४ हुनु पर्नेछ।

(ढ) विद्यालयको स्थायीआयस्रोत हुनु पर्ने,

(ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने,

(त) आवासीय विद्यालयको लागि आवास भवन हुनु पर्ने,

(थ) विद्यालयको हाता कम्पाउण्डले घेरिएको हुनु पर्ने,

(द) नेपाल सरकारले तोके अनुरूप स्वास्थ तथा सरसफाइका मापदण्ड पुरा गरेको हुनुपर्ने,

(ध) भाडाको भवनमा विद्यालयको सञ्चालन गर्ने भए कम्तीमा पाँच बर्षको घरभाडा सम्बन्धी सम्झौता भएको हुनु पर्ने,

(न) प्रचलित कानूनले तोकेका अन्य पूर्वाधारहरू समेत पुरा भएको हुनु पर्ने।

# शैक्षिक गुठीको विधानको नमूना

प्रस्तावना :

१. प्रारम्भिक :

२. उद्येश्य र कार्यक्रम

३ शैक्षिक गुठीका संस्थापकको नाम र ठेगाना

४ शैक्षिक गुठीका गुठीयार तथा गुठीयारको मुख्य भै काम गर्ने व्यक्तिको नाम, नियुक्ति प्रक्रिया र कार्यकाल

५. गुठीयारको काम, कर्तब्य र अधिकार तथा निजहरूले पाउने सुविधा

६ शैक्षिक गुठीमा रहेको घर, जग्गा, आम्दानी, ऋण तथा अन्य सम्पत्ति विवरण

७ गुठी सञ्चालक समिति

८ गुठीको सम्पत्ति र कोष सञ्चालन

९ स्कुल सञ्चालन र व्यवस्थापन सम्वन्धी विशेष व्यवस्था

१०अन्य आवश्यक कुराहरू